# बाह्रविसे नगरपालिकाको ११औं नगर सभामा
# २०७९ साल असार ९ गते बिहीवार
# बाह्रविसे नगरपालिकाका उप-प्रमुख श्री मन्जु तामाङले
# प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७९/८० को
# बजेट वक्तव्य

बाह्रविसे नगरपालिका

२०७९

**नगर सभाका आदरणीय अध्यक्ष महोदय,**

१. संघीय लो्कतान्त्रिक गणतन्त्र नेपालको, नेपालको सविधान २०७२ को धारा २३० र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम बाह्रविसे नगरपालिकाको उपप्रमुखको हैसियतले नगर सभाको बैठकमा आर्थिक वर्ष २०७९।८० को आय र व्यय अनुमान प्रस्तुत गर्ने अनुमती चाहन्छु। प्रस्तुत बजेटलाई कृषि, शिक्षा र उद्यमशीलताको विकासबाट समृद्धि तर्फको यात्रा प्रस्थान गर्ने बजेटको रुपमा प्रस्तुत गरेको छु।

२. स्थानीय तहको आवधिक निर्वाचन सम्पन्न भए पश्चात गठन भएको बाह्रविसे नगरपालिकाको ११ औं नगरसभामा हामी उपस्थित भएका छौं। यस सुखद् पृष्ठभूमिमा नगरसभाको यस बैठकमा आज आर्थिक वर्ष २०७९।८० को आय र व्यय अनुमान प्रस्तुत गर्न पाँउदा मलाई गर्वको अनुभूति भएको छ।

३. यस अवसरमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतन्त्र र जनजीवनका लागि भएका विभिन्न आन्दोलनहरुमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै यी आन्दोलनहरुमा नेतृत्व र बलिदान गर्नुहुने सम्पूर्ण अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु।

४. विश्वभर फैलिएको कोभिड-१९ महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि हामी सबैको संयुक्त प्रयासबाट यस्ता महामारी विरुद लड्न र सामना गर्न सकिन्छ भन्ने विश्वास लिएको छु। संक्रमण नियन्त्रण र व्यवस्थापनमा अहोरात्र खटिने चिकित्सक, नर्स, स्वास्थ्यकर्मी, सफाइकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी, जनप्रतिनिधि, नागरिक समाज, सामाजिक र व्यवसायीक संघ संस्था लगायत सम्पूर्ण नागरिकलाई धन्यवाद् ज्ञापन गर्न चाहान्छु।

**सभाका आदरणीय अध्यक्ष महोदय,**

५. आर्थिक वर्ष २०७९।८० को आयको अनुमान पेश गर्न गइरहेको छु।

- नेपालको संविधान अनुसार नेपाल सरकारले स्थानीय तहलाई दिने वित्तीय हस्तान्तरण अनुदान अन्तर्गत संघीय समानिकरण १५ करोड ६० लाख, संघीय सर्शत अनुदान अन्तर्गत २२ करोड १२ लाख आय प्रस्तावित भएको छ।
- संघीय राजश्वबाट ९ करोड ५२ लाख २६ हजार आय प्रस्तावित गरिएको छ।
- बागमती प्रदेश सरकारबाट प्रदेश समानिकरण अनुदान अन्तर्गत १ करोड ५२ लाख ५६ हजार र प्रदेश सःशर्त अनुदान अन्तर्गत २ करोड ३८ लाख ३६ हजार, प्रदेश समपुर अनुदान २ करोड ५३ लाख १ हजार र प्रदेश विशेष अनुदान १ करोड ४० लाखको अनुमान प्रस्तावित भएको छ।
- प्रदेश राजश्व बाँडफाडबाट ५ करोड ७ लाख ८४ हजार आय प्रताविित भएको छ।
- स्थानीय राजश्व बाँडफाडबाट ६६ लाख आय हुने अनुमान गरेको छु। त्यस्तै आन्तरिक स्रोतबाट २० लाखको अनुमान गरेको छु।

सभा अध्यक्ष महोदय,

सामाजिक उत्तरदायित्व अन्तर्गत बाह्रविसे नगरपालिकामा संचालित जलविद्युत विकास आयोजनाहरुबाट देहाय बमोजिमका आय अनुदानको रुपमा प्राप्त हुने अनुमान गरेको छु।

- मध्यभोटेकोशी जलविद्युत कम्पनी लि. १ करोड ६ लाख,
- मध्यभोटेकोशी शिक्षक तलब १६ लाख ८० हजार,
- माथिल्लो भोटेकोशी कम्पनी लि. ९ लाख,
- सानिमा हाइड्रो पावर कम्पनी लि. ३ लाख र सेन्चुरी हाइड्रो पावर कम्पनी लि.बाट ८ लाख प्राप्त हुने अनुमान गरेको छु।

सभा अध्यक्ष महोदय,

आर्थिक वर्ष २०७८।७९ को विनियोजित बजेटबाट ३० लाख रकम यस आर्थिक वर्षमा प्राप्त हुने अनुमान गरेको छु।

सभा अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०७९।८० को व्यय तर्फको प्रस्तावित अनुमान पेश गर्दछु।

- संघीय सःर्शत कार्यक्रम खर्चका लागि २२ करोड १२ लाख र प्रदेश सःशर्त कार्यक्रम खर्चको लागि २ करोड ३८ लाख ३६ हजार व्ययको अनुमान पेश भएको छ
- प्रदेश समपुरक अनुदान र प्रदेश विशेष कार्यक्रम अनुदान अन्तर्गत क्रमशः २ करोड ५३ लाख १ हजार र १ करोड ४० लाख अनुमान पेश भएको छ।
- नगर चालू तर्फ १४ करोड ६० लाख १० हजार विनियोजन गरेको छु।
- सामाजिक विकास तर्फ ४ करोड ३० लाख ५० हजार र आर्थिक विकास तर्फ १ करोड विनियोजन गरेको छु।
- पूर्वाधार विकास कार्यक्रम तर्फ २ करोड ६० लाख विनियोजन गरेको छु।
- सहरी विकास कार्यक्रममा १ करोड ८५ लाख विनियोजन गरेको छु।
- समपुरक कोषको लागि १ करोड २० लाख विनियोजन गरेको छु।
- विपद व्यवस्थापन कोषको लागि ५० लाख विनियोजन गरेको छु।
- जनतासँग नगर प्रमुख कार्यक्रमका लागि १ करोड ६७ लाख ५० हजार विनियोजन गरेको छु।
- मर्मत कोषको लागि ५६ हजार विनियोजन गरेको छु।

वडाहरुको समानुपातिक विकासको लागि ४ करोड ५० लाख विनियोजन गरेको छु।

सभा अध्यक्ष महोदय,

आर्थिक वर्ष २०७९।८० को आय र व्यय अनुमान्मा
कूल आय: ६२ करोड ७४ लाख ८३ हजार
पूँजीगत व्यय: १८ करोड २८ लाख ५६ हजार
चालू व्यय: १४ करोड ६० लाख १० हजार
पेश गेरको छु ।

सभा अध्यक्ष महोदय,

समष्टिगत राष्ट्रिय अर्थतन्त्रमा आउन सक्ने उतारचढाब र अस्थिरता विपद तथा जलवायू जन्य प्रकोपको जोखिमले बजेट कार्यान्वयनबाट प्राप्त हुने प्रतिफलमा असर पुग्न सक्दछ । आउन सक्ने जोखिमको न्यनीकरण गरी बजेट कार्यान्वयन गरिनेछ ।

प्रस्तुत बजेट तर्जुमाको क्रममा प्राप्त मार्गदर्शनका लागि नगर प्रमुख ज्यू, वडा अध्यक्षज्यू, तथा राष्ट्रसेवक कर्मचारीहरु प्रति हार्दिक सम्मान र आभार व्यक्त गर्दछु ।

बजेट तर्जुमा प्रकृयामा अमूल्य सुझाव प्रदान गर्ने राजनीतिक दल, नागरिक समाज, निजी तथा सहकारी क्षेत्र, तथा संचार जगतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यस बजेटको कार्यान्वयनमा सबैको सहयोग रहने विश्वास लिएको छ ।

अन्त्यमा प्रतावित आय व्ययको अनुमानको सफल कार्यान्वयनबाट बाह्रविसे नगरपालिकाले आर्थिक, समाजिक, साँस्कृतिक, राजनीतिक लगायतका क्षेत्रमा थप गतिशीलता प्राप्त गरी सामाजिक न्याय, समता र समनता कायम गर्न सक्दछ भन्ने विश्वास लिएको छु ।

धन्यवाद !